नेत्रावती डबजोङ गाउपालिका
गाउंकार्यपालिकाको कार्यालय
सेमजोङ,धादिङ
३ नं. प्रदेश, नेपाल

**स्टील ट्यूबलर पोल सप्लाई गर्ने , वडा न.२ कार्यालय भवन र चौतारा मा.वि. भवन निर्माण कार्यको शिलवन्दी बोलपत्र आह्वान बारे सूचना**

प्रथम पटक प्रकाशित मितिः २०७४।१२।०६

आ.व.०७४।०७५ मा सञ्चालन गरिने बिभिन्न वडाहरुमा वितरणको लागि विद्युत पोल खरिद , वडा न. २ मा कार्यालय भवन र चौतारा मा.वि. भवन निर्माण कार्यको लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिल बमोजिमको परिमाणका विद्युत पोल , वडा कार्यालय भवन र चौतारा मा.वि. भवन निर्माण गर्ने कार्य शिलवन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकोले विद्युत पोलको लागि नेपाल गुणस्तर चिन्ह प्राप्त उत्पादक कम्पनीहरु वा सप्लायर्सहरुको हकमा तोकिएको उत्पादक कम्पनीहरुबाट आधिकारीक पत्रको आधारमा बोलपत्र मात्र खरिद गर्न पाईने र भवन निर्माण कार्यको लागि नेपाली निर्माण व्यवसायीवाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वक शिलवन्दी बोलपत्र आह्वान गरिएको छ ।

१. यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० औं दिनसम्म तल उल्लेख गरे बमोजिमको नगद रकम (पछि फिर्ता नहुने गरी) वुझाएको रसिद, आ.व. ०७४/०७५ सम्मको लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृधि कर कार्यालयमा दर्ता भएको प्रमाण पत्र र आ.व.०७३/०७४ सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छूक कम्पनी वा उत्पादक स्वयमं वा निजको प्रतिनिधिले कार्यालय समयभित्र रीतपूर्वक निवेदन दिई यस कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिने छ ।

२. खरिद भएका बोलपत्र फारम यो सूचना प्रकाशित मितिले ३१ औं दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ। दर्ता हुन आएका शिलवन्दी बोलपत्र सोही दिनको १४:०० वजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. बोलपत्र फारमसाथ उल्लेख भए अनुसारका जमानत वापतको रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य वैंकको धादिङवेंशी शाखामा रहेको धरौटी खाता नं. १०३०३०३००७१०९ मा रकम जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन म्याद भएको मान्याता प्राप्त वैंकबाट प्राप्त वैक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्ने छ ।

४. भवन निर्माणको हकमा बोलपत्र खरिद वा दर्ता गर्ने फर्महरुले निर्माणस्थल र कामको सम्वन्धमा राम्रोसंग वुझी, हेरी साइट निरीक्षण गरी बोलपत्र भरेको मानिनेछ ।

५. बोलपत्र भर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ, उल्लेखित अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

६. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएपछि स्वीकृत अंकको पांच प्रतिशतले हुने रकम वरावरको नगद, वैंक भौचर वा सो वरावरको कम्तीमा एक वर्षको लागि मान्य हुने वैंक जमानत (परफरमेन्स वण्ड) शर्त रहित पेश गर्नु पर्नेछ ।

७. कार्यालयको हितलाई ध्यानमा राखी कुनै पनि कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने नगर्ने, वा आंशिक रुपमा स्वीकृत गर्न सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

८. विद्युत पोलहरु बोलपत्रदाताले संभौता गरेको ३० (तिस) दिनभित्र सप्लाई गरी सक्नुपर्ने छ ।

९. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

१०. बोलपत्र सम्बन्धी सूचना संशोधन भएमा यस कार्यालयको सूचना पाटीमा टांस गरिने छ ।

११. अन्य कार्यविधिहरु स्थानिय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६३ सार्वजनिक खरिद ऐन २०६४(संशोधित), तथा सार्वजनिक खरिद नियमावली २०६४(संशोधित), अनुसार हुने छ ।

१२. बोलपत्र सम्बन्धी थप जानकारीका लागी नेत्रावती डबजोङ गाउंपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान ( भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|
| ०८।०७४।७५ | बटम सेक्शन ग्यालभनाईज स्टील ट्यूवलर ८ मीटर लामो पोलहरु गाउपालिकाको कार्यालय,सेमजोङ धादिङ् सम्म सप्लाई तथा ढुवानी गर्ने कार्य । | ५२,९७,७६९।२६ | १,८०,०००।०० | ३०००।०० |
| ०९।०७४।७५ | वडा न. २ कार्यालय भवन निर्माण, ताङजोमाने | ६४,५५,३०६।१० | २,१९,०००।०० | ३०००।०० |
| १०।०७४।७५ | चैतारा मा.वि. भवन निर्माण | ३५,८६,६७४।९७ | १,२२,०००।०० | ३०००।०० |

प्रमुख प्रशासकीय अधिकृत